# श्री महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगर एक परिचय

डा. बाबुराम तिमल्सेना
म.मो.आ.ब.क्या.विराटनगर

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस पूर्वाञ्चलको सबैभन्दा ठूलो क्याम्पस मात्र नभएर देशकै ठूला क्याम्पसहरूमध्येको एक क्याम्पस हो । यो क्याम्पस सुरुमा विराटनगर स्थित आदर्श स्कूलमा वि.सं. २०१२ साल श्रावण १६ गते मोरङ इन्टरमिडिएट कलेजको नामले खुलेको र पछि स्नातक तहको पढाइ हुन थालेपछि 'मोरङ कलेज' को नामले परिचित भएको थियो । आदर्श स्कूलबाट यो कलेज वि.सं. २०१९ सालमा सरेको र वि.सं. २०२० सालमा राजा महेन्द्रबाट नवनिर्मित भवनको उद्‌घाटन भएपछि वि.सं. २०२४ सालमा कलेजको नाम परिवर्तन गरी महेन्द्र मोरङ कलेज राखेको थियो । यो विराटनगर महानगरपालिका वार्ड नं. १२ मा अवस्थित छ । वि.सं. २०३० सालमा नयाँ शिक्षा योजना लागू हुँदा निजी क्षेत्रमा सञ्चालित अर्को कलेज आदर्श महाविद्यालयलाई समेत यही कलेजमा गाभी कलेजलाई क्याम्पसको रुप दिएर नयाँ क्याम्पसको नाम महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस राखिएको थियो । वि.सं. २०३३ सालमा व्यवस्थापनतर्फको डीन कार्यालय समेत रहने गरी महेन्द्र मोरङ आदर्श बहुमुखी 'केन्द्रीय' क्याम्पस नामाकरण गरिएको थियो । डीन कार्यालय काठमाण्डौं सरेपछि पुनः 'केन्द्रीय' शब्द हटाई महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस भन्न थालिएको पाइन्छ । यसरी आफ्नो नाम परिवर्तनसँगै चरणबद्ध रुपमा प्रशासनिक, शैक्षिक र आर्थिक गतिविधिलाई विस्तार गर्दै आइ रहेको छ ।

## कलेज स्थापनाको पृष्ठभूमि

समाजसेवी स्व.कृष्णप्रसाद कोइरालाद्वारा स्थापना गरिएको विराटनगर स्थित आदर्श विद्यालयमा पढेर धेरै विद्यार्थीहरू एस.एल.सी. परीक्षा उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनको लागि बाहिर जानुपर्ने बाध्यताबाट जोगाउन यस ठाउँका बुद्धिजीवी र समाजसेवीहरू राम्रोसँग परिचित भएकैले विराटनगरमा नै कलेज खोल्न सके स्थानीय युवाहरूले सजिलैसँग उच्च शिक्षा हासिल गर्न पाउँथे भन्ने सोच वि.सं. २००७ सालको क्रान्तिपछाडि धेरै समाजसेवी र युवा विद्यार्थीहरूको मनमा उब्जिएको थियो । यसै सन्दर्भमा सर्वप्रथम समाजसेवी तथा उद्योगपति रामलाल गोल्छाद्वारा हाल सिद्धार्थ स्कूल रहेको आफ्नो जग्गामा एक भवन निर्माण गरी कलेजको पढाइ थाल्ने योजना गरेर वि.सं. २००८ सालमा राजा त्रिभुवनबाट शिलान्यास समेत गर्न लगाएका थिए ।

विराटनगरमा कलेज स्थापनाको लागि सुब्बा रामचन्द्र अधिकारी र उनका छोराहरू जनकमोहन अधिकारी र जगतमोहन अधिकारीबाट पुऱ्याइएको सहयोगलाई उच्च मूल्याङ्कन गर्नुपर्ने हुन्छ । रामचन्द्र

अधिकारीका छोरा जनकमोहन अधिकारी आदर्श स्कूलका शिक्षक भएका र पछि उनलाई विराटनगरस्थित मालपोत कार्यालयको हाकिम बनाइएकाले मालपोत कार्यालय स्थित आफ्नो आवासगृहमा एस.एल.सी. दिएका विद्यार्थीहरूलाई निःशुल्क ट्युसन पढाउने गर्दथे । आफ्नोमा ट्युसन पढान आउनेलाई पिउनेबाट खाजा, नास्ताको समेत प्रबन्ध गरेका थिए । कलेज खोल्ने विषयमा सहकर्मी मित्रहरू र युवा विद्यार्थीहरूसँग छलफल गर्दा कलेजको नाम 'मोरङ इन्टरमिडिएट कलेज' राख्ने भन्ने कुराको टुङ्गो त्यही बाट गरिएको थियो ।

**कलेजको स्थापना र पठनपाठनको सुरूवात**

कलेज स्थापनाको विषयमा समाजसेवी, बौद्धिक व्यक्तित्वहरू र उच्च शिक्षा आर्जन गर्न चाहने विद्यार्थीहरू एकमत भएर लागेपछि सम्पूर्ण शिक्षाप्रेमी, नगरवासीहरूको भेला आदर्श स्कूलको प्राङ्गणमा आयोजना गरिएको थियो । यो भेला वि.सं. २०१२ साल अषाढ १३ गते सम्पन्न भएको थियो । त्यही भेलाले पछि गएर डिग्री कलेजसम्म पुऱ्याउने गरी हाललाई इन्टरमिडिएट कलेज खोल्ने सर्वसम्मत निर्णय गऱ्यो । साथै तत्कालको लागि रात्री कलेजको रुपमा पठन-पाठन सुरु गर्ने सहमति व्यक्ति गरियो । यही बैठकले मोरङ कलेज संयोजन समितिको समेत गठन गर्‍यो । उक्त समितिमा निम्न व्यक्तिहरूलाई राखिएको थियो ।

| | |
|---|---|
| (१) श्री मातृकाप्रसाद कोइराला | सदस्य |
| (२) श्री केशवप्रसाद कोइराला | " |
| (३) श्री गोविन्दबहादुर बराल | " |
| (४) श्री डा.अवधनारायण | " |
| (५) श्री तोलाराम दुगड | " |
| (६) श्री रामचन्द्र अधिकारी | " |
| (७) श्री ज्ञानचन सर्दार | " |
| (८) श्री चैतुलाल चौधरी | " |
| (९) श्री पं.मेघराज शर्मा | " |
| (१०) श्री मुक्तिराम मारवाडी | " |
| (११) श्री प्रतापनिधि शर्मा | " |

अन्य उपस्थित व्यक्तिहरूको नाम यसप्रकार थियोः

(१) श्री मोहनबहादुर श्रेष्ठ

(२) श्री महाप्रसाद रिजाल

(३) श्री सुरेशचन्द्र हलधर

(४) श्री ऋषिकेश कोइराला

(५) श्री शोभाचन्द्र खनाल

(६) श्री आयुलाल शर्मा

यसरी गठन भएको समितिको पहिलो औपचारिक बैठक मातृकाप्रसाद कोइरालाको निवासमा २०१२ साल आषाढ १८ गते बोलाइयो । त्यस बैठकले समितिको सभापतिमा श्री मातृकाप्रसाद कोइरालालाई छान्यो । सेक्रेटरीहरूमा दुईजना क्रमशः रामचन्द अधिकारी र प्रतापनिधि शर्मालाई छनोट गरियो । त्यस बैठकले कलेजको लागि एक चन्दा सङ्कलन समिति पनि बनायो । समितिमा निम्न व्यक्तिहरूलाई राखिएको थियो ।

| | |
|---|---|
| (१) मातृकाप्रसाद कोइराला | सभापति |
| (२) श्री रायसाहेब ऐननारायण सिंहानिया | सदस्य |
| (३) श्री कालुराम अग्रवाल | " |
| (४) श्री.डा. अवधनारायण | " |
| (५) श्री गोविन्दबहादुर बरुवाल | " |

कलेज स्थापना गर्न र समितिहरूलाई पूर्ण सहयोग पुऱ्याउने कार्यमा चन्द्रिकाप्रसाद लोहनी, मीनराज पाण्डे, चन्द्रप्रसाद नेपाल, रामकिसन राठी, जुद्धबहादुर श्रेष्ठको पनि सक्रिय योगदान रहेको थियो ।

कलेज स्थापना कालमा पहिलो प्रिन्सिपलको रुपमा क्रमशः श्री नारायणप्रसाद अर्याल र श्री गोपालप्रसाद शर्मालाई तोकिएको थियो ।

कलेज सञ्चालनको लागि क्लर्कको रुपमा दामोदर शर्मालाई राखियो । यसैगरी पियनको रुपमा ज्ञानबहादुर श्रेष्ठलाई नियुक्त गरियो ।

कलेज स्थापनाको लागि स्वीकृतिको प्रयत्न पनि तत्कालै थालिएको थियो । कलेजको पूर्वाधारको स्थिति, प्राध्यापक, विद्यार्थी सङ्ख्या आदिको विषयमा पनि आवश्यक व्यवस्था सहित जानकारी दिएर अनुमतिको लागि शिक्षा मन्त्रालयमा अनुरोध गरिएको थियो । पठन-पाठन कार्यको लागि कोठा र स्थायी रुपले कलेजका प्राध्यापक र कर्मचारीका लागि आदर्श स्कूलले एक कोठा उपलब्ध गराइसकेको परिस्थितिमा कलेज स्वीकृति दिन मिल्ने नमिल्ने भन्ने विषयमा अनुगमन गर्न शिक्षा विभागका डाइरेक्टर शारदाप्रसाद उपाध्याय विराटनगर आएका थिए । निरीक्षणबाट शारदाप्रसाद उपाध्याय सन्तुष्ट भएका थिए र उनी काठमाण्डौं पुग्नासाथ कलेजले स्वीकृतिसमेत प्राप्त गरेको थियो । सम्पूर्ण पूर्वतयारी पूरा भएपछि सञ्चालक समितिको वि.सं. २०१२ श्रावण १० गतेको बैठकले वि.सं. २०१२ श्रावण १६ गते कलेजको उद्घाटन गर्ने टुङ्गो लगाएको थियो । सोही अनुसार वि.सं. २०१२ साल श्रावण १६ गते विराटनगरको आदर्श स्कूलमा मोरङ इन्टरमिडिएट कलेजको उद्घाटन भयो । यो उद्घाटन नारायणप्रसाद रिजालबाट भएको थियो ।

सञ्चालक समितिको २०१२ साल आश्विन ७ गतेको बैठकले तलब स्केल समेत निर्धारण गरेको थियो । जो यसप्रकार छः

| पद | मैनावारी | भत्ता | सालना वृद्धि | लक्ष |
|---|---|---|---|---|
| प्रिन्सिपल | २५०।- | ५०।- | १०।- | ५००।- |
| भाइस प्रिन्सिपल | २२५।- | ५०।- | १०।- | ४५०।- |
| अन्य प्राध्यापकहरू | १७५।- | २५।- | १०।- | ४५०।- |
| क्लर्क | ९५।- | १५।- | १०।- | १५०।- |

कलेज स्थापना गर्न त्यस समयमा सबैभन्दा ठूलो समस्या अर्थको थियो । विद्यार्थीहरूको नाम दर्ता वापत लिइएको रकम र मासिक शुल्क ११।- ले कलेजको आवश्यक व्ययभारमा कुनै भूमिका नभएकाले चन्दा सङ्कलनमा विशेष जोड दिन थालियो । सरकारबाट पनि अनुदान सहयोगको लागि पहल सुरु भयो । पठन-पाठनको लागि लाइब्रेरीको आवश्यकता भएकाले सोको व्यवस्था भयो । यसको लागि केही रकम सिनेमाको कल्चरल सोबाट समेत सङ्कलन गरिएको थियो । कलेजको आर्थिक अवस्था दयनीय भएकाले कतिपय प्राध्यापकहरूले केही समय निः शुल्क अध्यापन कार्य समेत गरेका थिए ।

**परीक्षा प्रणाली र पहिलो व्याँचको नतिजा**

वि.सं. २०१६ साल अगाडि नेपालमा उच्चशिक्षाको एकमात्र परीक्षा केन्द्र त्रिचन्द्र कलेजमा थियो । त्यसबेला त्रिचन्द्र कलेजका विद्यार्थीहरूको परीक्षाको कपी समेत पटना विश्वविद्यालयमा जाने गर्थ्यो । देशभर खुलेका कलेजका विद्यार्थीहरूको फर्म भरी त्रिचन्द्र कलेज पठाइन्थ्यो र त्रिचन्द्र कलेजले ती सबै फर्महरूलाई पटना पठाउँथ्यो । प्रश्नपत्र र उत्तरपुस्तिका दुवै पटना पठाउनुपर्ने व्यवस्था भएको र सोको माध्यमको रुपमा त्रिचन्द्र कलेजले भूमिका निर्वाह गर्ने भएकाले अन्य सबै कलेजहरू त्रिचन्द्र कलेजको एक भागको रुपमा रहेका थिए । सोही अनुसार मोरङ् इन्टरमिडिएट कलेजका विद्यार्थीहरूको पनि फर्म भरी पटना विश्व विद्यालयका लागि त्रिचन्द्र कलेज मार्फत वि.सं. २०१२ मा पहिलो परीक्षार्थीको टोली १३ जनाको थियो । मोरङ इन्टरमिडिएट कलेजबाट परीक्षामा सहभागी हुने यी १३ जना नै उत्तीर्ण भएपछि हौसला थपिएका युवाहरूको समूहले जोगबनी, फारबीसगंज र कटिहारसम्म हिन्दी भाषामा पर्चा टाँसी यस कलेजको प्रचार प्रसार समेत गरिएको थियो ।

**कलेजमा व्यवस्थापन विषयको थालनी**

वि.सं. २०१२ सालमा मानविकीतर्फ आई.ए.को कक्षा सुरु भए तापनि विराटनगरमा मारवाडी समुदायका व्यक्तिहरू कलेजमा व्यवस्थापन विषयको पढाइ सुरु गर्नुपर्नेतर्फ विशेष जोड दिँदै प्रयत्न समेत गर्दै थिए । सोही मुताविक विषय थपको स्वीकृतिको समेत पहल भएको थियो । वि.सं. २०१३ साल भाद्र ६ गतेको

सञ्चालक समितिको बैठकमा व्यवस्थापन विषयको पठन-पाठन सुरु गर्ने विषयमा निर्णय गरिएको थियो । त्यस बैठकले व्यवस्थापनको कक्षा लिनको लागि आवश्यक प्राध्यापक विज्ञापन दिएर भर्ना गर्ने समेत निर्णय गरेको थियो र २०१६ सालमा व्यवस्थापनतर्फ स्नातक तहका अध्ययन अध्यापन सुरु भयो भने हाल MBS मा ६३ कोटा MPA मा ३० र BPA मा ३० वटा मा कोटा निर्धारण गरी सीमित रुपमा अध्ययनरत छन् । हाल एम.पी.ए मा  जति पनि विद्यार्थीले पढ्न पाँउछन् भने BPA मा ५० कोटा छन् ।

**स्नातक तहको सुरुवात र कलेजको नाम परिवर्तन**

आई.ए. को परीक्षामा सामेल भएका सम्पूर्ण परीक्षार्थीहरू उत्तीर्ण भएपछि ती विद्यार्थीहरू आफ्नै कलेजमा स्नातक तहको पठन-पाठन भएको खण्डमा बाहिर जान नपर्ने कुरा सोचिरहेका थिए । त्यसैले पुन: उनीहरूले कलेजमा स्नातक तहको पढाइ गराउन सम्बन्धित पक्षसँग आग्रहका साथै प्रयास पनि गर्न थाले । यस कार्यमा उनीहरूलाई रामचन्द्र अधिकारीबाट ठूलो सहयोग र प्रेरणा मिलेको थियो । सोही अनुसार सरकारबाट स्नातक तह (त्यसबेला जसलाई डिग्री भनिएको पाइन्छ) को स्वीकृति प्रप्त भयो । मोरङ इन्टरमिडिएट कलेजमा स्नातक तहको पढाई सुरु भएपछि कलेजको नाम परिवर्तन गर्नुपर्ने आवश्यकता महशुस भयो । पछि गएर विज्ञान शिक्षासमेत सुरु गर्ने योजना भएकाले सबैलाई सुहाउने नामको खोजी गरियो । सोही अनुसार कलेजका नामबाट ‘इन्टरमिडिएट’ शब्द हटाई नयाँ नाम ‘मोरङ कलेज’ राखियो ।

मानविकीतर्फको स्नातक तह खुलेपछि स्वाभाविक रुपमा व्यवस्थापनतर्फ आई.कम. को परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरूको दवाब आउनु स्वाभाविक नै थियो । यही कुरालाई मध्यनजर राखी कमर्सतर्फका आई.कम उत्तर्णि गर्ने विद्यार्थीहरूको नियमित पढाइमा बाधा नपुग्ने गरी वि.सं. २०१६ सालमा व्यवस्थापनतर्फको स्नातक तहको पढाइ सुरु भयो ।

कानूनको पढाइको विषयमा जानकारी लिन तथा कलेज उद्‌घाटन गर्न तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला आएका थिए । कानून विषयको पठनपाठन सुरु भएपछि वि.सं. २०१७ साल बैशाख ९ गतेका दिन कलेज सञ्चालक समितिको बैठकमा कानूनको लागि प्राप्त हुने आर्थिक स्रोतको विषयमा छलफल भएको थियो । जसअनुसार तत्कालीन प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाको आदेशअनुसार शिक्षा मन्त्रालयबाट भा.रु.३,७५०।- प्राप्त भएको थियो । सोही बैठकमा यसबाहेक थप पैसाको माग भएको जानकारी गराइएको थियो । यसको प्रतिउत्तरमा शिक्षा मन्त्रालयबाट थप भा.रु. ६,०००।- प्राप्त हुने आश्वासन दिइएको कुरासमेत सञ्चालक समितिका सदस्यहरूलाई अवगत गराइएको थियो । यसरी वि.सं. २०१६ सालतिर खुलेको ल विभाग २०३० सालसम्म चलेर नयाँ शिक्षा लागू भएपछि महेन्द्र विन्देश्वरी क्याम्पसमा लगिएको हाल यहाँ अहिले अति आवश्यक छ । त्यस बेलाका प्रशासनिक हेल्च्याएको धेरै वर्षसम्म भने स्थायी रुपमा चल्न नसकिएको हो ।

## मोरङ शिक्षा विकास समिति र महेन्द्र विश्वविद्यालयको परिकल्पना

पूर्वाञ्चलको सिङ्गो शैक्षिक विकासको लागि सर्वत्र पहल भइरहेकै अवस्थामा मोरङको बडाहाकिम भएर वि.सं. २०१३ सालमा तारकबहादुर शाह (ऋषिकेश शाहका पिता) विराटनगर आएका थिए । उनी आएपछि उनलाई नै कलेज सञ्चालक समितिको सभापति बनाएर कलेजलाई समृद्ध बनाउनेतर्फ प्रयत्नहरू सुरु गरिए । तारकबहादुर शाह मोरङ कलेजमा विज्ञान विषयको थालनी गर्न चाहन्थे । साथै उनले कलेजको लागि भवनको समेत निर्माण गर्ने सोच बनाएर अर्थ सङ्कलनका उपायहरू अवलम्बन गरे । यति मात्र होइन उनले पूर्वाञ्चलको शैक्षिक विकासको लागि अञ्चलाधीश पदेन अध्यक्ष रहने गरी मोरङ शिक्षा विकास समितिको समेत गठन गरे । त्यस समितिमा निम्नानुसार व्यक्तिहरू रहेका थिए ।

| | |
|---|---|
| १. अञ्चलाधीश | अध्यक्ष (पदेन) |
| २. श्री चन्द्रिकाप्रसाद लोहनी | सेक्रेटरी |
| ३. श्री आमोदप्रसाद उपाध्याय | सदस्य |
| ४. श्री शोभाचन्द्र खनाल | सदस्य |
| ५. श्री चैतुलाल चौधरी | सदस्य |
| ६. प्रि. गोपालप्रसाद शार्मा | सदस्य |
| ७. डि. ज्ञानचन्द्र सर्दार | सदस्य |
| ८. श्री शिवप्रसाद रिजाल | सदस्य |
| ९. श्री लक्ष्मीप्रसाद श्रेष्ठ | सदस्य |
| १०. श्री गणेशमान श्रेष्ठ | सदस्य |
| ११. श्री महानन्द गिरी | सदस्य |
| १२. श्री रूद्रहरि शर्मा | सदस्य |
| १३. श्री दीनदयाल अग्रवाल | सदस्य |

मोरङ उच्च शिक्षा विकास समितिको अन्तिम उद्देश्य मोरङमा महेन्द्र विश्वविद्यालयको स्थापना गर्नु थियो । विश्वविद्यालय स्थापनाको पूर्वाधारको रूपमा नयाँ भवनको निर्माण र विज्ञान शिक्षाको सुरुवातलाई लिइएको थियो । तथापि मोरङ शिक्षा विकास समितिले विविध उपायले सङ्कलन गरेको रकम समितिका सदस्यहरूबीच मतभेद भई आधा रकम कलेजको भवन निर्माण र बाँकी आधा रकम गाउँका स्कूलहरूको लागि छुट्याइएको थियो । जेहोस्, मोरङ कलेजको भवन निर्माण र अन्य विकास कार्यको अन्तिम लक्ष्य भने विश्वविद्यालयको स्थापनाको पूर्वाधार गर्नु थियो ।

विश्वविद्यालय स्थापना गर्नको लागि वृगेडियर जनरल भूपालमानसिंह कार्कीद्वारा भएको प्रयत्न सह्राहनीय छ । उनले राजासमक्ष यस कुराको विन्तीपत्र चढाएका थिए र त्यसमा विश्वविद्यालयका लागि १२० विगाहा जग्गा अधिकरण गर्ने र सोको लागि ४ लाख ८० हजार माग गरिएकोमा राजाबाट "प्रधानमन्त्रीले हरेक पदका पटक-पटक गरेर पाउने गरिदिउ" भन्ने हुकुम बक्स भएको कुरा जानकारी राजदरबारका प्रमुख सचिवले भूपालमानसिंह कार्कीलाई २०२४।६।१७ मा पठाएको पत्रमा उल्लेख छ । यसरी नै २०६४।६।२२ गते प्रधानमन्त्री सूर्यबहादुर थापाले भूपालमानसिंहलाई एक पत्र लेखी विराटनगरमा एक कृषि विश्वविद्यालय स्थापना गर्नको लागि १६० विगाहा जग्गा अधिकरण गर्ने विषयमा श्री ५ मा विन्तीपत्र चढाएकोमा सोही अनुसार १६० विगाहा श्री ५ को सरकारले अधिकरण गरिदिने भएकाले सोहीअनुसार सूचना गरेको कुरा अवगत गराएका थिए । यसबाट भूपालमानसिंह कार्कीले कृषि विश्वविद्यालयको लागि पहल गरेको र त्यसमा आशतीत सफलतासमेत पाएको कुरा उक्त पत्रहरूबाट जानकारी पाउन सकिन्छ ।

**मोरङ कलेज भवन निर्माण र कलेजको नाम परिवर्तन**

राजा तारकबहादुर शाह मोरङको बडाहाकिम भएर आएपछि र उनलाई मोरङ कलेजको सञ्चालक समितिको अध्यक्ष बनाएपछि मोरङ कलेजको विकासमा कायापलट नै भयो भन्दा पनि हुन्छ । तारकबहादुर व्यक्तिगत रुपले सामाजिक सुधारका पक्षपाती थिए । उनी मोरङ कलेजमा विज्ञान विषयको पढाइ सुरु गर्न चाहन्थे । उनलाई मोरङ कलेजलाई विश्वविद्यालयको रूप दिनुपर्छ भन्ने लागेको थियो । त्यसैले उनले सर्वप्रथम मोरङ कलेज भवनको निर्माण गर्ने र त्यसपछि विज्ञान शिक्षाको सुरुवात गर्ने निधो गरे र उनले यस काममा सहयोगीको भूमिका निर्वाह गर्ने विराटनगरका अन्य समाजसेवीहरूको मद्दत लिए । तारकबहादुरलाई सञ्चालन समितिको अध्यक्ष बनाउनमा विराटनगरका शिक्षाप्रेमीहरूको स्वार्थ लुकेको थियो । कलेज भवन निर्माणमा आइपर्ने आर्थिक र प्रशासनिक झन्झटबाट मुक्त हुन उनीहरूले यो कार्य गरेका थिए । तर वास्तवमा तारकबहादुरले उनीहरूको धारणा भन्दा पनि भिन्न रूपमा आफूलाई प्रस्तुत गरे । उनले साँचो अर्थमा विराटनगरमा मोरङ कलेजको भवन निर्माणमा अग्रगण्य भूमिका मात्र होइन महेन्द्र विश्वविद्यालयको लागि पूर्वाधारसमेत तयार पारेर गए ।

बडाहाकिम तारकबहादुर शाहले विज्ञानतर्फको उच्चशिक्षा संचालन गर्नको लागि त्यसबेला मोरङ जिल्लामा (जसमा सुनसरी समेत पर्दथ्यो) भएका जग्गाहरूमा दुई वर्षका लागि १ विगाहामा १ रुपैयाँको दरले विगहट्टी लगाउने निधो गरे । त्यस कामको लागि उनलाई राजाको हुकुम प्रमाङ्गी चाहिएको थियो । सोको लागि उनले राजा महेन्द्र धनकुटा आएको बखत भेट गरी सम्पूर्ण कुराको विन्ती चढाएर हुकुम प्रमाङ्गी गराए । त्यस काममा उनले भूपालमानसिंह कार्कीको पूर्ण सहयोग प्राप्त गरे । यसरी २ वर्षसम्म मालपोतबाट उठेको अतिरिक्त रकमलाई मालपोतमा बेग्लै खाता राख्ने व्यवस्था मिलाइयो । सोहीअनुसारको आदेश अर्थ मन्त्रालयले

मालपोत कार्यालय विराटनगरलाई दिएको थियो । राजा तारकबहादुरले कलेजको भवन निर्माणको लागि जनताको समर्थन रहेको देखाउन ठूलो सङ्ख्यामा मानिसहरूको सही गराई राजासमक्ष निवेदन चढाएका थिए । यसरी सबै व्यवस्था मिलाउँदामिलाउँदै पनि केही जग्गाधनीहरूले मालपोतको विगहट्टी तिर्न इन्कार गरेकाले समस्या उत्पन्न भएको थियो । त्यसैले त्यो स्थितिबाट मुक्त हुन मोरङ कलेजका प्रिन्सिपल नारायणप्रसाद अर्याल र समाजसेवी चैतुलाल चौधरी झापाको सीमा क्षेत्रसम्म हात्तीमा चढेर मालपोतमा विगहट्टी उठाउनुपर्ने कारण सम्झाउँदै विगहट्टी बुझाउन जग्गाधनीहरूलाई अनुरोध गरेका थिए ।

यसरी २ वर्षसम्म विगहट्टी उठाउँदा कलेजको कोषमा रू. ७५,०००।- जम्मा भएको थियो । यो उठेको रकमलाई कसरी खर्च गर्ने भन्ने विषयमा गोश्वरामा बडाहाकिम तारकबहादुर शाहको उपस्थितिम बैठक भएको थियो । त्यस बैठकमा केही राजनीतिक दलका प्रतिनिधिहरूले उठेको रकम मध्ये स्कूललाई पनि दिने अडान राखेका थिए । अन्त्यमा केही रकम स्कूलहरूलाई समेत दिने निर्णय गरिएको थियो । कलेज भवन निर्माणको लागि सुरुमै ऋषिकेश कोइरालाको हालको कलेज रहेको २१ विगाहा खरिद गरिएको थियो । यो जग्गामा सम्पूर्ण संकायहरू, होस्टल, शिक्षक आवासगृह आदि सबै अटाउन र खेलमैदान समेत रहने विश्वास गरिएको थियो । यसरी प्राप्त गरिएको जग्गामा भवन निर्माण गर्न एक भवननिर्माण समिति समेत बनाइयो । यसमा भूपालमानसिंह कार्कीको मुख्य भूमिका रहने व्यवस्था गरियो । यसरी सम्पूर्ण प्रक्रिया पूरा भएपछि भवन निर्माणको लागि टेन्डरको आह्वान गरियो । यसमा सबैभन्दा कम टेण्डर हाल्ने उत्तमलाल गुप्तालाई ठेक्का प्रदा गरियो । भवनको डिजाइनको काम इन्जिनियर सुरेशचन्द्र हल्दारले गरेका थिए । यसरी भवन निर्माणको कार्य वि.सं. २०१५ सालमा सुरु भयो । भवन निर्माणको प्रक्रिया सुरु भएपछि दैनिक गुणस्तर परीक्षण गर्न र निगरानी गर्न भूपालमानसिंह कार्की र पिन्सिपल नारायणप्रसाद अर्याल खटिएका थिए ।

त्यसबेला हालको मूल भवनको उत्तर दक्षिणतर्फ रहेका कोठाहरूबाहेक १ तला पूर्वतर्फ फर्किएको भवन मात्र निर्माण गरिएको थियो । यो भवन वि.सं. २०१७ सालको बैशाखसम्ममा करिब-करिब भयार भइसकेको थियो । सोहीअनुसार वि.सं. २०१७ साल बैशाख ९ गते बसेको सञ्चालक समितिको बैठकले आदर्श स्कूलबाट कक्षा सार्ने निर्णय गऱ्यो । सोही बैठकले आगामी सेसनभरि विहान र अर्को सेसनदेखि दिउँसो कक्षा संचालन गर्ने निर्णय गर्‍यो ।

पूर्वनिर्धारित कार्यक्रमअनुसार विज्ञान विषयको २०१९ साल कार्तिक १ गतेका दिन नयाँ भवनमा पढाइको सुरुवात गरिएको थियो । त्यस दिन मोरङ कलेजका पूर्व प्राध्यापक र तत्कालिन वीरगञ्ज कलेजका प्रिन्सिपल जगतमोहन अधिकारीलाई अतिथिको रूपमा सहभागी हुन बोलाइएको थियो । त्यो दिन सिङ्गो मोरङ कलेज परिवारको लागि सुखद्क्षण थियो । भवनको उद्घाटनको लागि भने मोरङ शिक्षा विकास समितिको

डेलिगेसनमा राजासँग विन्ती चढाउन काठमाण्डौँ गएको थियो । सोही मुताबिक राजाबाट २०२० साल माघ ११ गते कलेज भवनको उद्घाटन सम्पन्न भयो ।

कलेजको उद्घाटन राजा महेन्द्रबाट भएपछि पुनः कलेजको प्रतिनिधि मण्डलले राजासँग भेट गरि मोरङ कलेजको नामको अगाडि 'महेन्द्र' थप्ने इच्छा व्यक्त गर्दै विन्तपत्र चढायो । त्यसको जवाफमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाको हस्ताक्षरसहितको पत्र मिति २०२२।१०।३ मा प्राप्त भई स्वीकृत भएको जानकारी मिल्यो । स्वीकृति प्राप्त भएपछि अञ्चलाधीश बदीविक्रम थापाको सभापतित्वमा २०२४ साल चैत्र ६ गते बसेको सञ्चालक समितिको बैठकले मोरङ कलेजको नाम परिवर्तन गरी महेन्द्र मोरङ कलेज राख्यो । यसरी महेन्द्र नाम थप्नुमा मुख्य दवाब दिने भूपालमानसिंह कार्की र मातृकाप्रसाद कोइराला प्रमुख थिए । यस निर्णयको विरुद्ध विद्यार्थीहरूले ठूलो आन्दोलन गरेका थिए ।

**मोरङ कलेजमा विज्ञान शिक्षा**

मोरङको बडाहाकिम बनेर आएपछि मोरङ कलेजको सञ्चालक समितिको सभापति बनाइएका तारकबहादुर शाह सुरुदेखि नै मोरङ कलेजमा विज्ञान शिक्षाको सुरुवात गर्ने सोचमा थिए । यही उद्देश्यको लागि उच्चशिक्षा विकास ट्रष्टको समेत गठन गरिएको थियो । त्यसरी तुरुन्तै विज्ञानको कक्षा सुरु गर्ने योजना मुताविक २०१४ साल आषाढ ६ गते बसेको सञ्चालक समितिको बैठकले विज्ञान शिक्षा संचालन गर्नको लागि आवश्यक पूर्वतयारी गर्न रामचन्द्र अधिकारी, अवधनारायण र नायारणप्रसाद अर्यालको ३ सदस्यीय उपसमितिको गठन गरेको थियो । विज्ञान कलेज र मोरङ कलेज दुवै एउटै सञ्चालक समितिले हेर्ने गरी बडाहाकीम तारकबहादुर शाहको निवासमा बसेको बैठकले निम्न व्यक्तिहरू रहेको एक समितिको गठन गरेको थियो ।

| | |
|---|---|
| १. श्री तारकबहादुर शाह | सभापति |
| २. श्री चन्द्रिकाप्रसाद लोहनी | सदस्य |
| ३. श्री कालुराम अग्रवाल | सदस्य |
| ४. श्री रामकिशन राठी | सदस्य |
| ५. श्री रामचन्द्र अधिकारी | सदस्य |
| ६. श्री गोविन्दप्रसाद बरुवाल | सदस्य |
| ७. श्री तिलकराम विश्वास | सदस्य |
| ८. श्री चन्द्रप्रसाद नेपाल | सदस्य |
| ९. श्री डा. अवधनारायण | सदस्य |
| १०. श्री नारायणप्रसाद कोइराला | सदस्य |

११. श्री शोभाचन्द्र उपाध्याय सदस्य

१२. श्री चैतु चौधरी सदस्य

१३. श्री शंकरप्रसाद खनाल सदस्य

१४. श्री प्रतापनिधि शर्मा सदस्य

वि.सं.२०१८ सालको फाल्गुण २१ गते बडाहाकीम जीवनलाल सत्यालको सभापतित्वमा बसेको सञ्चालक समितिको बैठकले विज्ञानको कक्षा अर्को सेसनबाट चलाउने भनी निर्णय गरेको थियो ।

आई.एस्सी. मा सुरुका वर्षहरूमा ७५ सीट संख्या कायम गरिएको थियो । यो बाहेक २ सीट होस्टल बनाइदिने रामलाल गोल्छाको स्वीकृतिमा प्रत्येक साल भर्ना गर्ने व्यवस्था गरियो । सञ्चालक समितिले १ लाखभन्दा बढी अनुदान दिने व्यक्तिको लागि यो रिजर्भ सीट छुट्याएको थियो । पछि सञ्चालक समितिको २०२४ साल श्रावण २१ गते बसेको बैठकले सीट सङ्ख्या बढाएर १०० कायम गर्ने निर्णय गरेको थियो ।

**बी.एस्सी. कक्षाको थालनी**

आई.एस्सी. उत्तीर्ण गरेका विद्यार्थीहरूले बी.एस्सी. पढ्नको लागि बाहिर जानुपर्ने धेरै बर्षदेखिको बाध्यताबाट विद्यार्थीहरू पीडित थिए । उनीहरू मोरङ कलेजमा बी.एस्सी. कक्षाको थालनी होस् भन्ने चाहन्थे । सञ्चालक समिति पनि सोको लागि प्रयत्नरत थियो । यस्तैमा सञ्चालक समितिले २०२६ साल फाल्गुण ६ गते तत्कालीन कोशी अञ्चलाधीश ताराप्रसाद उपाध्यायको सभापतित्वमा एक बैठक गरी केही महत्वपूर्ण निर्णयहरू गरेको थियो । यस बैठकमा आई.एससी. चलेको ७-८ वर्ष भइसकेकाले बी.एस्सी. खोल्नुपर्ने आवश्यकता व्यक्त भएको थियो । पछि बि.एस्सी. को समेत कक्षा सुरु गरेर विश्वविद्यालय बनाउन समेत पहल गर्ने निर्णय यस बैठकमा गरिएको थियो । पुनः बि.एस्सी. कक्षा खोल्ने सम्बन्धमा २०२६ साल चैत्र ३१ गते उच्चशिक्षा विकास समिति र कलेज सञ्चालक समितिको संयुक्त बैठक आयोजना गरियो । यिनै बैठकहरूको निर्णयअनुसार नगेन्द्रप्रसाद रिजालको नेतृत्वमा एक टोली श्री ५ मा विनतीपत्र चढाउन काठमाण्डौं गएको थियो । तर त्यस बेला राजा महेन्द्र अस्वस्थ भएकाले उनीहरूले भेट पाउन सकेनन् । विज्ञानतर्फ बी.एस्सी. खोल्ने स्विकृतिको लागि माग भए बमोजिम त्रिभुवन विश्वविद्यालयले २०२७ साल आषाढ ८ गते प्राध्यापक, प्रयोगशाला र पुस्तकको स्थितिको सम्बन्धमा जानकारीको माग गर्दै पत्र पठाएको थियो । आखिरमा त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०२८ सालबाट विज्ञानमा बी.एस्सी. को कक्षा संचालनको अनुमति प्राप्त भएको थियो ।

बि.एस्सी. को पढाइ सुरु गर्न उच्चशिक्षा विकास समितिबाट रू. १,३५,४५०।- (एक लाख छत्तीस हजार चारसय पचास) र प्रथम सालको लागि सालबसाली रू.६५,३००।- (पैसठी हजार तीनसय) गरी जम्मा रू. २,०१,७५०।- (दुईलाख एक हजार सात सय पचास) दिइने निर्णय भएको थियो । बी.एस्सी. को लागि कोठाको जरुरत भएकाले तला थप्नेतर्फ पहल सुरु गरियो । जसअनुसार टेण्डर हाल्दा सबैभन्दा कम रू. २,०३, ३९१।- ( दुई लाख तीन हजार तीनसय एकानब्बे) रकम उल्लेख गर्ने टीकाराममलाई उक्त कामको जिम्मा दिइयो । भवनको निर्माण पूरा भएपछि बी.एस्सी.को कक्षा विहान चलाउने व्यवस्था गरियो । विहान कक्षा लिने प्राध्यापकलाई थप भत्ता दिने व्यवस्था भयो । प्रयोगात्मक कक्षाको लागि चाहिने सामग्री उपलब्ध गराउन हिन्दुस्तान साइन्टिफिक इण्डष्ट्रिज, नर्दन साइन्टिफिक ट्रेडर्स तथा आण्डेड कम्पनीलाई रू. ७५,०००।- लागत बराबरको अर्डर दिइयो । वि.सं. २०२९ साल आश्विन ८ को सञ्चालक समितिको बैठकमा बी.एस्सी. र कानूनको कक्षा चलाउन शिक्षा मन्त्रालयबाट सालबसाली किस्ता उपलब्ध गराउने आश्वासन दिइएको थियो ।

हाल भौतिक शास्त्रमा ४० र रसायन शास्त्रको एम.एस्सी. ४० र स्नातक तहमा माइक्रोबायोलोजीको ५० सिट कोटा निर्धारण गरि पढाइ भै रहेको छ । मेट्रीयोलोजी, (जलवायु विज्ञान), वातावरण विज्ञान, बी एस सी एस आइ टी र वी आइ टी जस्ता नयाँ विषयहरू हाल संचालनमा रहेका छन् । त्यसैले विज्ञान विषयको प्रभावकारी अध्यापनका लागि छुट्टै विज्ञान भवन भारतीय राजदुतावासको अनुदान सहयोगबाट ५ करोडको लागतमा निर्माण हुने तर्फ जि.वि.स. मोरङले टेण्डर प्रकृया शुरु गरेको छ ।

**आदर्श महाविद्यालयको स्थापना**

वि.सं. २०२३ सालमा त्रिभुवन विश्वविद्यालयले कलेजहरूमा हुँदै आएको रात्रिकक्षा लिन नपाउने भन्ने निर्णय गरेकाले मोरङ कलेजमा पढ्ने विद्यार्थीहरूले समस्या बेहोर्नुपर्‍यो । दिनभर कुनै पैसा वा जागिरमा संलग्न भएर रातमा कक्षा लिइरहेका विद्यार्थीहरूको लागि यो ठूलो धक्का थियो । त्यसैले समाजका प्रतिष्ठित व्यक्तिहरूले आदर्श विद्यालयको प्राङ्गणमा एक भेलाको आयोजना गरी एउटा रात्रि कलेजको स्थापना गर्ने निर्णय गरे । यस भेलामा उपस्थित हुने व्यक्तिहरूमा प्रतापनिधि शर्मा, शोभाचन्द्र खनाल, श्यामप्रसाद घिमिरे, नरोत्तम अधिकारी, श्रीवल्लभ लखौटिया, पं.जगन्नाथ शर्मा, मायाप्रसाद काफ्ले, भक्तराज आचार्य आदि थिए । कलेजको लागि आदर्श स्कूलका प्रधानाध्यापक श्याम झाले कक्षा कोठा उपलब्ध गराउने सहमति जाहेर गरे ।

**महेन्द्र मोरङ कलेज र आदर्श महाविद्यालयको एकीकरण**

वि.सं. २०३० सालमा नयाँ शिक्षा योजना लागू भएपछि विराटनगरमा खुल्का दुई निजी स्तरका कलेजहरूमा वि.सं. २०१२ सालमा स्थापना भई हाल महेन्द्र मोरङ कलेजको नामले संचालित रहेको कलेजलाई त्रिभुवन विश्वविद्यालयले आफ्ना आङ्गिक क्याम्पसको रूपमा परिणत गर्ने नीति बनायो । यो नीतिको नकारात्मक प्रभाव स्वाभाविक रूपमा आदर्श महाविद्यालयलाई पर्न गयो । अबको नीतिअनुसार यो महाविद्यालयलाई बन्द

गर्नेतर्फ विशेष पहल सुरु भयो । वि.सं. २०३० सालको जेष्ठमा आदर्श महाविद्यालयलाई बन्द गर्ने विषयमा तत्कालीन अञ्चलाधीश वीरेन्द्रबहादुर शाहको अध्यक्षतामा बसेको बैठकमा छलफल सुरु भयो । कलेज बन्द गर्ने प्रस्तावमा छलफल हुँदा प्रतापनिधि शर्मा र प्रिन्सिपल विश्वराज पाण्डेले त्यसको कडा प्रतिवाद गरे । तर अञ्चलाधीश यो कुरा सुन्न मानिरहेका थिएनन् । लामो छलफल र विवाद पछाडि कलेजको नामको अगाडि रहेको 'आदर्श' शब्द महेन्द्र मोरङ कलेजमा जोड्ने र आदर्श महाविद्यालयमा पढाइरहेका प्राध्यापकहरूलाई एकीकृत भई नयाँ नाम कायम भएको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा लाने प्रस्ताव अञ्चलाधीशको तर्फबाट आयो । यो निर्णयमा प्रतापनिधि शर्मा र प्रिन्सिपल विश्वराज पाण्डेले नामन्जुर गरी नोट आफ डिसिन्ट लेखे । यसरी २०३० साल श्रावण १ गतेदेखि महेन्द्र मोरङ कलेज र आदर्श महाविद्यालय एक भए ।

नयाँ शिक्षा योजना लागु गरेपछि महेन्द्र मोरङ कलेजलाई त्रिभुवन विश्वविद्यालयले आफ्नो अधिनमा लिने भन्ने सन्दर्भमा प्राध्यापक तथा कर्मचारीहरूको एउटा धारणा आएको थियो । जस अनुसार विश्वविद्यालयले हालसम्म कट्टी भएको संचयकोषको रकम प्राध्यापक, कर्मचारीलाई उपलब्ध गराउनुपर्ने तथा कलेजको सम्पत्ति विश्वविद्यालयले अधिकारमा लिएपछि दायित्व पनि लिनुपर्छ भन्ने मागबमोजिम त्रि.वि.स. संचयकोषको कट्टीमा १०% थपेर दियो । जागिरमा संलग्न भएर रातमा कक्षा लिइरहेको विद्यार्थीहरूको लागि यो ठूलो धक्का थियो । त्यसैले समाजका प्रतिष्ठित व्यक्तिहरूले आदर्श विद्यालयको प्राङ्गणमा एक भेलाको आयोजना गरी एउटा रात्रि कलेजको स्थापना गर्ने निर्णय गरे । यस भेलामा उपस्थित हुने व्यक्तिहरूमा प्रतापनिधि शर्मा, शोभाचन्द्र खनाल, श्यामप्रसाद घिमिरे, नरोत्तम अधिकारी, श्रीवल्लभ लखौटिया, पं.जगन्नाथ शर्मा, मायाप्रसाद काफ्ले, भक्तराज आचार्य आदि थिए । कलेजको लागि आदर्श स्कूलका प्रधानाध्यापक श्याम झाले कक्षा कोठा उपलब्ध गराउने सहमति जाहेर गरे ।

**महेन्द्र मोरङ कलेज र आदर्श महाविद्यालयको एकीकरण**

वि.सं. २०३० सालमा नयाँ शिक्षा योजना लागू भएपछि विराटनगरमा खुल्का दुई निजी स्तरका कलेजहरूमा वि.सं. २०१२ सालमा स्थापना भई हाल महेन्द्र मोरङ कलेजको नामले संचालित रहेको कलेजलाई त्रिभुवन विश्वविद्यालयले आफ्ना आङ्गिक क्याम्पसको रूपमा परिणत गर्ने नीति बनायो । यो नीतिको नकारात्मक प्रभाव स्वाभाविक रूपमा आदर्श महाविद्यालयलाई पर्न गयो । अबको नीतिअनुसार यो महाविद्यालयलाई बन्द गर्नेतर्फ विशेष पहल सुरु भयो । वि.सं. २०३० सालको जेष्ठमा आदर्श महाविद्यालयलाई बन्द गर्ने विषयमा तत्कालीन अञ्चलाधीश वीरेन्द्रबहादुर शाहको अध्यक्षतामा बसेको बैठकमा छलफल सुरु भयो । कलेज बन्द गर्ने प्रस्तावमा छलफल हुँदा प्रतापनिधि शर्मा र प्रिन्सिपल विश्वराज पाण्डेले त्यसको कडा प्रतिवाद गरे । तर अञ्चलाधीश यो कुरा सुन्न मानिरहेका थिएनन् । लामो छलफल र विवाद पछाडि कलेजको नामको अगाडि रहेको 'आदर्श' शब्द महेन्द्र मोरङ कलेजमा जोड्ने र आदर्श महाविद्यालयमा पढाइरहेका प्राध्यापकहरूलाई

एकीकृत भई नयाँ नाम कायम भएको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा लाने प्रस्ताव अञ्चलाधीशकोतर्फबाट आयो । यो निर्णयमा प्रतापनिधि शर्मा र प्रिन्सिपल विश्वराज पाण्डेले नामन्जुर गरी नोट आफ डिसिन्ट लेखे । यसरी २०३० साल श्रावण १ गतेदेखि महेन्द्र मोरङ कलेज र आदर्श महाविद्यालय एक भए ।

नयाँ शिक्षा योजना लागु गरेपछि महेन्द्र मोरङ कलेजलाई त्रिभुवन विश्वविद्यालयले आफ्नो अधिनमा लिने भन्ने सन्दर्भमा प्राध्यापक तथा कर्मचारीहरूको एउटा धारणा आएको थियो । जस अनुसार विश्वविद्यालयले हालसम्म कट्टी भएको संचयकोषको रकम प्राध्यापक, कर्मचारीलाई उपलब्ध गराउनुपर्ने तथा कलेजको सम्पत्ति विश्वविद्यालयले अधिकारमा लिएपछि दायित्व पनि लिनुपर्छ भन्ने मागबमोजिम त्रि.वि.स. संचयकोषको कट्टीमा १०% थपेर दियो ।

**महेन्द्र मोरङ आदर्श बहुमुखी केन्द्रीय क्याम्पसमा स्नातकोत्तर तहको पढाइ**

**व्यवस्थापनः**

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा व्यवस्थापनतर्फको डीन कार्यालय राखिएपछि क्याम्पसमा स्नातकोत्तर तहको पढाइ सुरु गर्ने सोच जन्मियो । यसको लागि ७ जनको डेलिगेसन टोली लिएर तत्कालीन डीन उपेन्द्रबहादुर प्रधानाङ्ग काठमाण्डौं गएका थिए । त्यसबेला काठमाण्डौंको शंकरदेव क्याम्पसमा वि.सं. २०३३ सालदेखि प्राध्यापन कार्य गरिरहेका अरुणकुमार दासलाई डीनले भेटेर महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस व्यवस्थापनतर्फको स्नातकोत्तर तर्फको पढाइ सुरु गर्ने निर्णय भएकाले सरुवा लिएर जानुपर्छ भन्ने आग्रह गरेका थिए । यही आग्रहलाई स्वीकार गर्दै अरुणकुमार दास विराटनगर आएका र उनलाई व्यवस्थापनतर्फको स्नातकोत्तर तहको संयोजनको रूपमा राखिएको थियो । यो तहको अध्यापनको लागि महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका प्राध्यापनरत निम्न प्राध्यापकहरूलाई निम्न  विषय पढाउने जिम्मेवारी दिइएको थियो ।

१. अखिलेश्वर प्रसाद - अकाउण्ट
२. शिवमगन गुरुङ - व्यवस्थापन
३. कुलशेखर अधिकारी - अकाउण्ट
४. नीलप्रसाद तिमल्सिना - व्यवस्थापन
५. भेषप्रसाद धमला - अर्थशास्त्र

यसरी सुरु भएको व्यवस्थापन विषयको स्नातकोत्तर तहको पढाइ संस्थाको नाम BAGPA राखिएको थियो । जसको अर्थः Institute of Business Administration Commerce and Public Administration थियो । पछि वि.सं. २०३६ सालमा नियुक्त भएर आएका नयाँ डीन मोहनप्रसाद उपाध्यायले संस्थाको नाम परिवर्तन गरी Institute of Management राखेका थिए । साथै कोर्ससमेत आवश्यक परिवर्तन गरेका थिए ।

व्यवस्थापनतर्फको स्नातकोत्तर कक्षा सुरु भएपछि अध्यापन कार्यको लागि कोही विषयहरूमा २०३६ सालमा भारतको मुजफ्फरपुरबाट ३ जना प्राध्यापकहरू झिकाइएको थियो । यसरी झिकाइएका प्राध्यापकहरूमा प्रकाश ठाकुर, सुशीलकुमार झा र भवनाथ मिश्र थिए । यसैगरी अर्गनाइजेशन एण्ड विहेभियर पढाउनको लागि एकजना अमेरिकन पीस कोर माइकेल मेसवर्नलाई नियुक्त गरिएको थियो । तर यी सबैजना २ वर्षभन्दा बढी बसेनन् ।

**अर्थशास्त्र**

व्यवस्थापनतर्फको स्नातकोत्तर कक्षा सुरु भएको ५ वर्षपछाडि अर्थशास्त्र विषयको स्नातकोत्तरको कक्षासमेत सुरु गर्ने योजना बनाइयो । सोही अनुसार वि.सं. २०३८ सालमा अर्थशास्त्रका प्राध्यापक राजकुमार पोखेललाई संयोजक बनाई महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा अर्थशास्त्र विषयको पठन-पाठन सुरु गरियो । यसरी सुरु भएको अर्थशास्त्र सुरुदेखि पढाइ हुँदै आएको व्यवस्थापन विषयका कक्षाहरू डी.पी.ए. भवनमा हुने गर्दथे । यी दुवै कक्षा विहानको समयमा हुन्थे । यसरी अर्थशास्त्रमा स्नातकोत्तरको कक्षा सुरु भएपछि प्रथम वर्षमा नै झन्डै २०० जति विद्यार्थीहरूले भर्ना लिएका थिए । त्यसैले विद्यार्थीहरूलाई २ सेक्सनमा राखेर पढाउनुपर्ने बाध्यता उत्पन्न भएको थियो ।

अर्थशास्त्रतर्फको स्नातकोत्तर कक्षा लिनको लागी केही प्राध्यापकहरूले जिम्मेवारी पाएका थिए । यसरी जिम्मेवारी पाउने प्राध्यापकहरूमा भेषप्रसाद धमला, गोविन्दप्रसाद उपाध्याय, घनश्याम लालदास, अयोधीप्रसाद यादव आदि थिए ।

**शिक्षाशास्त्रः**

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा ३ वर्षे पछि ४ वर्षे शिक्षा शास्त्रको पढाइ २०६८ सालमा शुरु गर्यो । २०७५ सालमा आएर शिक्षा शास्त्र एम एड को सेमेष्टर प्रणाली चलिरहेको छ ।

**विस्तार कार्यक्रम**

विराटनगर स्थित पुरानो हवाइफिल्डको जग्गा वेकाम रहेको र महेन्द्र विश्वविद्यालयको लागि आवश्यक जग्गा पनि भएकोले मोरङ शिक्षा विकास समितिको पहलमा यो जग्गा सरकारले छुट्याएको थियो । वि.सं. २०२३।१०।१८ गते प्रधानमन्त्री सूर्यबहादुर थापाले मातृकाप्रसाद कोइराला र भूपालमानसिंह कार्कीलाई लेखेको पत्रमा पुरानो हवाइ मैदानको जग्गामध्ये क्याम्पसको निमित्त १० विगाहालाई छाडी बाँकी जग्गा र त्यसमा बनेको घर मोरङ कलेजलाई दिने निर्णय भएको कुरा उल्लेख गरिएको थियो । त्यो जग्गाको क्षेत्रफल २१ विगाहा २ कट्ठा ४ धुर रहेको थियो । महेन्द्र मोरङ कलेजको सञ्चालक समितिले त्यस ठाउँलाई चाहिएको बखत छाड्ने सर्तमा बोलपत्र स्वीकृत गरी (उखुखेती वा अन्य प्रयोजनको लागि) दिने भन्ने विषयमा वि.सं.

२०२८ साल चैत्र १६ गते निर्णय गरेको थियो । तर त्यस मैदानमा वि.सं. २०३८ सालपछि भवन निर्माण गरी महेन्द्र मोरङ आदर्श बहुमुखी केन्द्रीय क्याम्पसमा संचालन भएको व्यवस्थापन र अर्थशास्त्रको कक्षा सार्ने योजना बनाइयो । यसको लागि विराटनगर नगरपंचायतले ३० लाख रुपैयाँ उपलब्ध गरायो । एकतले पक्की भवनको निर्माण पूरा भएपछि वि.सं. २०४० सालतिर विस्तार कार्यक्रमको रुपमा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा संचालित स्नातकोत्तर तहका दुई विषयहरूको पठन-पाठन सुरु गरियो । विस्तार कार्यक्रमको इन्चार्ज गोपालप्रसाद श्रेष्ठलाई बनाइयो । वि.सं. २०४१ साल चैत्र २ गते विस्तार क्याम्पसलाई स्नातकोत्तर क्याम्पसको नामले त्रिभुवन विश्वविद्यालयले छुट्टै क्याम्पसको मान्यता प्रदान गऱ्यो । हाल पुरानो हवाइ फिल्डको जग्गा र त्यहाँ बनेका कतिपय संरचना मोरङ कलेजका हुन् । दुबै क्याम्पसलाई सुधार्नु पञ्चायतले जे जति प्रयास गर्‍यो गणतन्त्रले शिक्षालाई असल नजरले हेरेको छैन । यसका लागि अर्थमन्त्रालय, शिक्षा मन्त्रालय, युजिसी र त्रि.वि. ले क्याम्पसलाई सहयोग गरोस् । अस्तु